# नेपाल सरकार
## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
# व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र
## पुल्चोक, ललितपुर

### स्टल निर्माण तथा आवश्यक सामानहरु सम्बन्धी कार्यको सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**(सूचना प्रकाशित मिति २०८०/१२ /०९ गते)**

यस केन्द्रले काठमाडौको भृकुटीमण्डपमा मिति २०८१/०१/१७ देखी २१ सम्म आयोजना गर्ने १७ औं नेपाल - चीन तिब्बत आर्थिक तथा व्यापार मेला को लागि स्टल निर्माण तथा आवश्यक सामानहरु सम्बन्धी कार्य अस्थायी रुपमा शिलबन्दी दरभाउपत्रको माध्यम मार्फत गराउनु पर्ने भएकोले नेपाली फर्म/कम्पनी/ संस्थहरुबाट मिति २०८०/१२/२५ गते दिनको १२:०० वजे भित्र संस्था दर्ता, स्थायी लेखा नं (PAN)/ मू.अ.क. दर्ता तथा आ. व. २०७९/०८० सम्मको कर चुक्ता भएको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपीहरु सहित तपसिलमा उल्लेखित शर्तहरु अनुसार रितपूर्वक सिलवन्दी दरभाउपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

<u>शर्तहरु</u>

१. दरभाउपत्र खरिद गर्न इच्छुक फर्म/कम्पनीतथा संस्थाहरुले रु १०००।- (अक्षेरुपी एक हजार मात्र) फिर्ता नहुने देहाय वमोजिमको वैकंमा दाखिला गरेको भौचर साथ फर्म/कम्पनी/तथा संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी सहित केन्द्रमा मिति २०८०/१२/२३ सम्म कार्यालय समय भित्र लिखित निवेदन पेश गरी शिलबन्दी दरभाउपत्र प्राप्त गर्न सकिनेछ ।
कार्यालय व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, पुल्चोक, ललितपुर , कार्यालय कोड ३०७८१३४०१
राजश्व शिर्षक नम्बर १४२२९, बैकः नेपाल बैक लिमिटेड, ललितपुर
बैंक खाता नम्बर ००१०१०००००००००१००१००१

२. इच्छुक फर्म/कम्पनी तथा संस्थाहरुले दरभाउपत्र मा उल्लेख भए वमोजिम आधिकारीक व्यक्तिले सहिछाप गरी संस्थाको छाप लगाईएको खामको बाहिर "स्टल निर्माण तथा आवश्यक सामानहरु सम्बन्धी कार्य " स्पस्ट उल्लेख गरी सिलवन्दी खाम पेश गर्नु पर्नेछ ।

३. सम्झौता भए पछि फिर्ता हुने गरी जमानत रकम वापतको रु ५५,०००।- (अक्षेरुपी पचपन्न हजार मात्र) देहायको बैक खातामा जम्मा गरेको वैंक भौचर वा सो रकम बराबरको “क” वर्गको वैंक ग्यारेण्टीको सक्कल प्रति दरभाउपत्र पेश गर्ने अन्तिम मिति पश्चात् ७५ दिनको मान्य अवधि भएको सिलबन्दी दरभाउपत्रका साथ पेश गर्नु पर्नेछ ।
कार्यालय व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, पुल्चोक, ललितपुर , कार्यालय कोड ३०७८१३४०१
खाता संचालन गर्ने कार्यालयः को.ले.नि.का., बैक नेपाल बैक लिमिटेड, ललितपुर
बैंक खाता नम्बर ०१८०१०००००२००३०००००१

४. सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मिति र समय क्रमशः मिति २०८०/१२ / २५ गते दिनको १२.०० वजे सम्म हुनेछ । रितपूर्वक पेश भएका सिलबन्दी दरभाउपत्र सोही दिनको १.०० वजे उपस्थित प्रतिनिधीहरुको रोहवरमा (प्रतिनिधिहरु उपस्थित नभए पनि) खोलिनेछ ।

५. सिलबन्दी दरभाउपत्रको मान्य अवधि प्रस्ताव पेश गर्ने अन्तिम मिति पश्चात् ४५ दिनको हुनेछ ।

६ सिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिमा सार्वजिनिक विदा परे भोलि पल्ट वा कार्यालय खुलेको दिन सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मिति हुनेछ । सो वमोजिम सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम समय दिनको १२.०० वजे सम्म हुनेछ ।
७. यस कार्यको लागत अनुमान मुल्य अभिबृद्धि कर सहित रु. १९,८१,२७४.२० (उन्नाइस लाख एकासी हजार दुई सय चौहत्तर रुपैया वीस पैसा मात्र) रहेको छ। अन्य प्रावधानहरु दरभाउपत्र उल्लेख भए वमोजिम हुनेछ ।
८. रित नपुगी वा म्याद नाघी वा पूर्व शर्त राखी प्राप्त हुन आएको सिलबन्दी दरभाउपत्र माथि कुनै कारवाही गरिने छैन ।
९. कुनै कारण जनाई वा नजनाई सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूणर् अधिकार केन्द्रमा निहित रहनेछ ।
१०. दरभाउपत्र सम्वन्धी थप जानकारी प्राप्त गर्न चाहेमा केन्द्रमा कार्यलय समय भित्र सम्पर्क गर्न सकिनेछ ।